# छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड: ७ संख्याः ६ २०८२ फागुन १ गते

भाग-२

छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## छायाँनाथ रारा नगरपालिका गरीब सँग नगर प्रमुख कार्यक्रम सञ्चालन (चौथो संशोधन) कार्यविधि, २०८२

**गरीबसँग नगर प्रमुख कार्यक्रम संचालन कार्यविधी, २०७९**

**प्रकाशित मिति**

२०७९/०९/१७

**संशोधन**

| | | |
|---|---|---|
| (क) | गरीबसँग नगर प्रमुख कार्यक्रम संचालन (प्रथम संशोधन) कार्यविधी, २०७९ | २०७९/०९/१७ |
| (ख) | गरीबसँग नगर प्रमुख कार्यक्रम संचालन (दोस्रो संशोधन) कार्यविधी, २०८० | २०८०/०३/३० |
| (ग) | गरीबसँग नगर प्रमुख कार्यक्रम संचालन (तेस्रो संशोधन) कार्यविधी, २०८० | २०८०/०७/२२ |
| (घ) | गरीबसँग नगर प्रमुख कार्यक्रम संचालन (चौथो संशोधन) कार्यविधी, २०८२ | २०८२/११/०१ |

संवत् २०८२ सालको कार्यविधि नं. ५

गरीबसँग नगर प्रमुख कार्यक्रम संचालन (चौथो संशाधन) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधी

**प्रस्तावना:** छायाँनाथ रारा नगरपालिका भित्र रहेका विपन्न, गरिव, आर्थिक अवस्था कमजोर भएका, +नेपालको संविधानले परिकल्पना गरेको जातीय विभेदमुक्त समाज निर्माण गर्न, छुवाछुत जस्तो सामाजिक कुरीतिलाई आमूल रूपले नष्ट गर्न र दलित समुदायको सामाजिक मर्यादा र स्वीकार्यता अभिवृद्धि गर्न, समाजिक रुपमा पछाडी परेका व्यक्ति परिवारको सख्यामा कमी ल्याउन उनीहरुलाई आयमूलक, श्रममूलक, सिपमूलक र भौतिक पूर्वाधार निर्माणमा व्यक्तिगत तथा समुहगत रुपमा संलग्न गराएर उनीहरुको जिविकोपार्जनमा टेवा पुरयाई नगर क्षेत्रमा गरिवी न्यूनिकरणका साथै नगरमा रहेका कम आयश्रोत भएका जिविकोर्पाजनको लागी संर्घषरत वर्गहरुको सामाजिक दायित्वलाई वहन गर्दै उनिहरुको समाजमा जिउन पाउने मौलिक नैर्सगिक अधिकारको सुनिश्चत गर्दै सर्वसाधारण गरिव जनताको हितमा नगरपालिकाले अभिभावकत्व भूमिका निभाउन गरिव संग नगर प्रमुख कार्यक्रम संचालन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा २२६, +स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र छायाँनाथ रारा नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिमको अधिकार प्रयोग गरी छाँयानाथ रारा नगरपालिका मुगुको नगर कार्यपालिकाले गरिव संग नगर प्रमुख कार्यक्रम संचालन (चौथो संशाधन) कार्यविधी २०८२ बनाई लागु गरिएको छ।

**१.** **संक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यविधीको नाम छाँयानाथ रारा नगरपालिका "गरिव संग नगर प्रमुख कार्यक्रम संचालन (चौथो संशोधन) कार्यविधी २०८२” रहेको छ।

(२) यो कार्यविधि ५स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि छाँयानाथ रारा नगरपालिकाको क्षेत्र भित्र मात्र लागु हुनेछ।

**२.** **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) “गरिव” भन्नाले यस नगर भित्र न्यून आय भएको व्यक्ति जसको प्रती व्यक्ति आय कम भएको लाई जनाउंदछ।

५तेस्रो संशोधन

+चौथो संशोधनबाट थप गरिएको

(ख) “प्रमुख” भन्नाले छाँयानाथ रारा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ।

(ग) “विपन्न” भन्नाले हरेक अवस्थाले आर्थिक तथा सामाजिक अवस्था कमजोर भएर समाजमा पहुंच नभएको व्यक्ति वा समुदायलाई सम्झनु पर्छ।

(घ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस कार्यविधि अन्तर्गत गरिएका निर्णयहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ड) “नगरपालिका” भन्नाले छायाँनाथ रारा नगरपालिकालाई सम्झनु पर्छ।

(च) “कार्यविधी” भन्नाले गरिवसंग मेयर कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधी २०७६ सम्झनु पर्छ।

(छ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले नगरपालिकाको दैनिक प्रशासनिक कार्य गर्न तोकिएको प्रमुख अर्थात प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ।

(ज) “संयोजक” भन्नाले गरिव संग नगर प्रमुख कार्यक्रम संचालक समितिको संयोजकलाई सम्झनु पर्छ।

(झ) +"अन्तर जाति विवाह" भन्नाले प्रचलित कानुन बमोजिम विवाह गर्न योग्य उमेर पुगेका दुई फरक जात, थर वा सामाजिक समुदायका पुरुष र महिलाबीच स्वेच्छाले हुने विवाहलाई सम्झनुपर्छ।

(ञ) +"दलित" भन्नाले राष्ट्रिय दलित आयोगले सूचीकृत गरेका जातजातिलाई सम्झनुपर्छ। साथै, सो सूचीमा नपरेका तर ऐतिहासिक र सामाजिक रूपमा उत्पीडनमा परेका जातजातिका हकमा सम्बन्धित स्थानीय तहको सिफारिसमा जिल्ला प्रशासन कार्यालयले दलित भनी प्रमाणित गरेको व्यक्ति वा समुदायलाई समेत जनाउनेछ।

३. <u>**गरिव संग मेयर कार्यक्रममा संचालन गरिने क्रियाकलापः**</u>

**(क) <u>पूर्वाधार विकास कार्यमाः</u>** गरिव परिवार लाभान्वित हुने गरी सामुदायिक विकासका पूर्वाधार सडक, खानेपानी, सिचाई, वैकल्पीक उर्जा लगाएतका विकास निमार्णका कार्यक्रममा उनिहरुको सहभागिता हुने तथा सोपूर्वाधारको विकास पछाडी पर्ने गएका कारण सो स्थानका गरिब परिवारका महिला, वालवालीका अपाङ्ग, छेउलागेका वर्गलाई समेतलाई प्रभाव पार्ने भएकाले गरि वहरुलाई समावेश गराईने छ। यस कार्य अन्तर्गत ब्यक्ति,समुह,सहकारी तथा कम्पनिले वडा कार्यालयको सिफारिस सहित नगर प्रमुख समक्ष निबेदन दिनु पर्ने छ र नगर प्रमुखको तोक आदेश अनुसारको बजेटका आधारमा डिजाईन स्टीमेट बनाई योजना कार्यान्वयन गरिनेछ।

**+<u>स्पष्टीकरणः-</u>** माथी उल्लेखित योजना तथा कार्यक्रमको अनुमोदन संचालक समिति र कार्यपालिकावाट गराउनु पर्नेछ।

**(ख) <u>शिक्षाः</u>** विपन्न गरिव परिवारका वालवालिकालाई शैक्षिक विकासको माध्यमवाट उनिहरुको जिवन स्तर उठाउन शैक्षिक गरिविलाई न्यूनिकरण गर्न गरिव परिवारका वालवालिकाहरुलाई छात्रवृत्ति तथा व्यवसायीक शिक्षाका लागी अध्यापन कार्यमा अनुदान समेत दिन सकिने छ। जसका लागी बिद्यार्थीको बार्षिक शुल्कका आधारमा छात्रवृत्ति प्रदान गरिनेछ।

+चौथो संशोधनबाट थप गरिएको

**(ग)** **<u>स्वास्थ्य:</u>** गरिव संग नगर प्रमुख कार्यक्रमवाट स्वास्थ्य सेवाको पहुंच वाहिर रहेका गरिव तथा विपन्न, एकलमहिला, अपाङ, दलित छेउलागेका वर्गलाई औषधि उपचार तथा चेक जांचमा सहयोग गर्न वडा कार्यालयको सिफारिसमा संयोजकले रोगको प्रकृती हेरेर ➅पाँच हजार रुपैंया देखि पचास हजार रुपैंया सम्म रकम उपलव्ध गराईनेछ।

**(घ)** **<u>कृषि र पशुपालन:</u>** यस कार्यक्रममा नेपाल सरकारको विभिन्न पद्धती वा भएका गरिव पहिचान भएका एवं नगरपालिकाको सर्वेक्षणमा देखिन आएका गरिव घर परिवारका लागी कृषि सम्वन्धि औजार उपकरण, विउ विजन तथा व्यवसायीक कृषि तथा पशुपालनको लागी ठाउँ बसी र वातावरणको आधारमा कृषि तथा पशुपालनको लागी ब्यक्ति, समुह, सहकारी तथा कम्पनीलाई वडा कार्यालयको सिफारिसमा संयोजकले ➅पाँच लाख रुपैंया सम्म अनुदान एवं सहयोग गरिनेछ।

**(ङ)** **<u>सिपमुलक तथा आय आर्जन कार्यक्रम:</u>** यस कार्यक्रममा गरिव, विपन्न, महिला, दलित, अपाङ, एकल महिला तथा पुरुषहरुको साथै गरिव वपन्न वर्गका युवा युवतीका लागी विभिन्न सिपमूलक तालिम जस्तै सिलाई कटाई, पलम्वीङ्ग, हाउस वाईरिङ्ग, सवारीचालक, मोवाईल रेडीयो मर्मत, हेन्डीकाफ जस्ता तालिम र आयआर्जनका लागी खुद्रा सुलभ पसल, हेयर कटिङ, साना उद्योग संचालनको लागी ब्यक्ति, समुह सहकारी तथा कम्पनीलाई वडा कार्यालयको सिफारिसमा संयोजकले ➅दुई लाख रुपैंया सम्म अनुदान तथा सहयोग गरिनेछ।

**(च)** **<u>दैवि प्रकोप विपत व्यवस्थापन:</u>** यस कार्यक्रम अर्न्तगत गरिव तथा विपन्न परिवारका लागी आपतकालीन अवस्थामा पर्न आउने दैविप्रकोप तथा विपतको समय लगाएत आवश्यकता अनुसार आवास निर्माण तथा अन्य राहात वितरण गरिनेछ।

❖ **(छ)** **<u>दलित, गरिब तथा विपन्न वर्ग बिशेष खर्च (भत्ता) कार्यक्रम:</u>** (१) दलितहरुका लागि दशै, तिहारमा खर्च (भत्ता) स्वरुप स्रोतका आधारमा ➅पाँच हजार रुपैंया सम्म उपलब्ध गराउन सकिनेछ।

(२) गरिब तथा विपन्न वर्गका ब्यक्तिलाई सम्बन्धीत वडाको सिफारिस भई आएमा आवश्यक पहिचान तथा किटानीका आधारमा चार्ड पर्व बिशेष भत्ता एवं आर्थिक सहायता स्वरुप ➅पाँच हजार रुपैंया सम्म उपलब्ध गराउन सकिने।

(३) ➅खण्ड (छ) को उपखण्ड (१) र (२) नगरपालिकाले उक्त खर्च (भत्ता) उपलब्ध गराए वापत छायाँनाथ रारा नगरपालिका मुगुको सम्बृद्धीमा हित हुने खालका उल्लेखनिय कार्यहरु जस्तै फोहोरमैला ब्यवस्थापन, आय आर्जन मूलक कार्यहरु, कला संस्कृतीको जगेर्ना हुने खालका कार्यहरु जस्तै भुओ, मच्च्यापाठो, धारु, ढालनाच सम्बन्धी कार्य सम्बन्धीत लाभग्राहीले अनिवार्य गर्नु पर्नेछ।

∗**(ज)** आ.ब. २०७९/०८० देखि अन्तर जाति विवाह गर्ने जोडीलाई एक लाख रुपैया प्रोत्साहन भत्ता उपलब्ध गराउन सकिने।

✖︎.........

❖ प्रथम संशोधन

∗ दोस्रो संशोधनबाट थप गरिएको

➅ तेस्रो संशोधन

✖︎ चौथो संशोधनबाट झिकिएको

+(झ) खण्ड (ज) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपालको संविधानले परिकल्पना गरेको जातीय विभेदमुक्त समाज निर्माण गर्न, छुवाछूत जस्तो सामाजिक कुरीतिलाई आमूल रूपले नष्ट गर्न र दलित समुदायको सामाजिक मर्यादा र स्वीकार्यता अभिवृद्धि गर्न मुगु जिल्लाको छायाँनाथ रारा नगरपालिका भित्रको दलित समुदायका महिलासँग विवाह गर्ने, तथा छायाँनाथ रारा नगरपालिकाको दलित समुदायका पुरुषले अन्य जातीका महिला सँग विवाह गर्ने, आ.ब. २०७९/०८० देखि अन्तर जाति (दलित समुदायमा) विवाह गर्ने जोडीलाई प्रोत्साहन स्वरूप रु. १,००,०००/- (अक्षरेपी एक लाख रुपैयाँ) उपलब्ध गराइनेछ। यो रकमले दम्पतीको आर्थिक आत्मनिर्भरता र सामाजिक एकीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

४. **गरिव संग नगर प्रमुख कार्यक्रमको छनौटका आधार तथा प्रकृयाः**

(क) दफा ३ को उपदफा (क), (ख), (ग), (घ), (ड) मा समावेश गरिने क्रियाकलापलाई समेटने गरि कार्यक्रमहरुको लागी देहाय वमोजिमको आधार लाई समेत आधार मानेर छनौट गरिनेछ।

(ख) वडा वस्तीहरुमा नगर प्रमुख सहित गाउँ वस्ती तथा वडा भेलामा सहभागी भई आवश्यक छलफल गरी समस्याको पहिचान तथा आवश्यकताको आधारमा छनौट गरिएका योजना तथा कार्यक्रमहरु वडा कार्यालयको सिफारिसमा गरिब संग नगर प्रमुख कार्यक्रमका संयोजकले योजना तथा कार्यक्रम छनौट गरी(तोक आदेश) कार्यन्वयन गरिनेछ साथै सोका अनुमोदन संचालक समिति र कार्यपालिकावाट गराउनु पर्नेछ।

(ग) यस कार्यक्रम संग मेल खाने अन्य सरकारी तथा गैर सरकारी संघ सस्थाहरु संग लागत साझेदारीमा कार्यक्रम संचालन गर्ने सकिनेछ।

५. **गरिव संग नगर प्रमुख कार्यक्रम संचालक समितीको गठनः** (१) गरिवसंग मेयर कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न पाँच सदसीय संचालक समितीको गठन गरिने छ। जसमा निम्न अनुसार पदाधिकारीहरु रहेछन।

| | |
|---|---|
| ✎ (क) नगरप्रमुख | -संयोजक |
| (ख) योजना अधिकृत | -सदस्य |
| (ग) कार्यपालिका सदस्य मध्यबाट नगर प्रमुखले मनोनित गरेका दुई जना | -सदस्य |
| (घ) प्रमुख प्रशासकिय अधिकृत | -सदस्य सचिव |

**पुनश्चः** समितिले आवश्यकता अनुसार अन्य व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

६. **कार्यक्रम संचालन प्रकृयाः**

(क) नगरपालिकामा गरिव संग मेयर कार्यक्रमको कार्यालय स्थापना गरिने छ।

(ख) कार्यक्रमको प्रशासनिक तथा प्राविधिक काम गर्न एक जना कार्यक्रम संयोजक र एक जना सामाजिक परिचालक करारमा नियूक्ति गरिनेछ। जसले गरिव संग नगर प्रमुख कार्यक्रमको छुट्टै सचिवालय स्थापना गरिनेछ।

(ग) कार्यक्रम संचालनका लागी एक संचालक समिती गठन गरिनेछ।

(घ) योजना तथा कार्यक्रम संचालन गर्दा गरिव तथा विपन्न परिवारहरुलाई प्राथमिकता दिईनेछ।

५तेस्रो संशोधन (ङ) बार्षिक आम्दानी ३ महिना भन्दा कम खान पुग्ने, घरमा कोहि सरकारी तथा गैर सर कारीमा नोकरी नभएको, व्यापार व्यवसाय नभएका, न्यून जग्गा जमिन वा खेतीपाती गर्ने जमिन नभएका परिवारहरुलाई पहिलो प्राथमिकता दिईनेछ।

✦ चौथो संशोधनबाट परिमार्जन गरिएको

(च) कार्यक्रम तथा योजनाका सफल कार्यान्विनका लागी आवश्यक पर्ने अन्य जनशक्ति नगर पालिकाले उपलब्ध गराउनेछ।

७. **<u>बजेटको व्यवस्था र खर्चः</u>**

(क) गरिब संग नगर प्रमुख कार्यक्रमका लागी प्रत्येक आर्थिक वर्षमा नगरसभावाट रकम विनियोजित गरिनेछ । जसको आधारमा संचालक समितिको निर्णय निर्देशन एबम समितिका संयोजकको तोक आदेशका आधारमा कार्यक्रम तथा वजेट वांडफांट गरि वजेट खर्च गरिनेछ

८. **<u>अनुगमनः</u>**

(क) संचालित कार्यक्रमलाई प्रभावकारी मर्यादित तथा तोकियको मापदण्ड अनुरुप भए नभएको एकिन गर्न अनुगमन कार्य नियमित गर्ने जसको लागी संचालक समितिले अनुगमन समिती नगरपालीकाको योजना अधिकृतको संयोजकत्वमा अनगुमन समिति गठन गरिनेछ ।

(ख) छनौट भएका योजना तथा कार्यक्रम अनुगमन समितीको अनुगमन प्रतिवेदन पछि पूर्ण भुक्तानी दिईनेछ ।

९. **<u>बाधा अड्काउ फुकाउः</u>** यस कार्यविधीमा कुनै बाधा देखिएमा वा संघीय कानुन संग बाझिन गएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन वा संशोधन गर्न सकिनेछ ।

प्रमाणित मितिः २०८२।९।३०

आज्ञाले,
पूर्ण बहादुर शाही

नि. प्रमुख प्रशासकिय अधिकृत